

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ५ गते शनिबार ❑ 21 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## शिक्षाको हब बन्दै पोखरा

**रासस**
पोखरा, ४ असोज

नेपालको पर्यटन राजधानी पोखरा शिक्षाको हब बन्दै गएको छ। कास्कीले शिक्षा विकासको लामो इतिहास बोकेको काछ। पछिल्लो समय पोखरा शैक्षिक गन्तव्यका रुपमा पनि चिनीन थालेको छ। पोखरा र यस आसपासमा मात्र नभई देशका विभिन्न जिल्लाबाट पोखरा अध्ययनका लागि विद्यार्थी आउने गरेका छन्।

विद्यालयदेखि विश्वविद्यालय तहसम्मका विभिन्न तह र विषयमा अध्ययन अध्यापन हुने यहाँ पोखरा विश्वविद्यालयसँगै सङ्घीय शासन व्यवस्थाको कार्यान्वयन पश्चात गण्डकी प्रदेश सरकारको सक्रियतामा गण्डकी विश्वविद्यालय सञ्चालनमा आएको छ। पछिल्लो समयमा विश्वविद्यालयमा सञ्चालनमा आएका नयाँ नयाँ विषयमा विद्यार्थीको आकर्षण बढिरहेको पोखरा विश्वविद्यालयका डीन डा अजय थापा बताउनुहन्छ।

"नयाँ कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दो छ", उहाँले भन्नुभयो, "विश्वविद्यालयले स्नातक तथा स्नातकोत्तर तहमा छात्रवृत्तिका लागि आवेदन माग गरेकामा गत वर्षकाभन्दा बढी सङ्ख्यामा विद्यार्थीले आवेदन भरेका छन्।" स्नातक तहमा गत वर्षभन्दा झण्डै तीन सय ५० जना बढी विद्यार्थीले आवेदन दिएको उहाँले जानकारी दिनुभयो। पोखरामा विद्यालयदेखि क्याम्पस तहसम्म अध्ययनका लागि राम्रा शैक्षिक संस्थार हेका कारण अध्ययनकै लागि यहाँबाट बाहिर जानुपर्ने अवस्था नरहेको शिक्षासेवी एवम् कालिका बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख रवीन्द्रनाथ बाँस्तोलाले बताउनुभयो। पछिल्लो समयमा कक्षा १२ पढेपछि विदेश जाने क्रमले समग्रतामा स्नातक तहमा विद्यार्थीको सङ्ख्या कम हुँदैगएको देखिए पनि पोखराबाट अध्ययनकै लागि बाहिर जानुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ। "अहिले अध्ययनका लागि मात्रभन्दा पनि आर्थिक उपार्जनसँग समेत जोडिएर विद्यार्थी पढ्नका लागि विदेशिएको देखिन्छ", उहाँले भन्नुभयो,"पोखरामा विश्वविद्यालयअनुदानआयोगबाट क्युएए प्राप्त क्याम्पसका साथै गुणस्तरीयतालाई दृष्टिगत गरी अध्ययनअध्यापन गराउँदै आएको पाइन्छ।" कास्कीमा १९५८ सालमा देव शमशेरको पालामा खोलिएको भाषा पाठशाला यहाँको पहिलो औपचारिक पाठशाला हो। तत्कालीन समयमा विन्ध्यवासिनी मन्दिर क्षेत्रमा सञ्चालित उक्त पाठशालापछि भीमकाली पाटनमा सारिएको थियो।

जुन अहिले संस्कृत माध्यमिक विद्यालयका रुपमा रहेको छ। यस अवधिमा संस्कृत शिक्षा नै पठनपाठनको मुख्य आधार बनेको थियो। भाषा पाठशालापछि पोखरामा आधुनिक शिक्षालाई लक्षित गरी २००६ सालमा पब्लिक मिडिल स्कुल स्थापना गरियो। सुरुमा नदीपुरस्थित नारायणस्थानको पौवामा स्थापित सो विद्यालय २००९ सालमा नेशनल हाइस्कुलका नाममा टुँडिखेलमा सारिएको थियो। सो विद्यालय स्थापना एवं सञ्चालनपछि २०१३ सालमा रामघाटमा छुट्टै सोल्जर्स बोर्ड हाइस्कुल स्थापना भएको थियो। यसरी सुरु भएको पोखराको शिक्षाको विकाससँगै पछिल्ला वर्षमा के साधारण के प्राविधिक हरेक किसिमको शिक्षा पाउन थालिएसँगै यो शिक्षाको केन्द्र बन्दै गएको छ। पृथ्वीनारायण क्याम्पसदेखि पछिल्ला समयमा यहाँ खोलिएका क्याम्पसले यहाँको शैक्षिक विकासमा ठूलो योगदान पुर्‍याएका छन्। लेखनाथको दुङ्गेपाटनमा स्थापित पोखरा विश्वविद्यालय होस् वा लेखनाथकै मालमूल फाँटमा गण्डकी प्रदेश सरकारको सक्रियतामा खोलिएको गण्डकी विश्वविद्यालयले नयाँ नयाँ कार्यक्रमका साथ अघि बढेको छ।

गण्डकी विश्वविद्यालयले स्थापनाको छोटो समयमा नै विभिन्न नयाँ कार्यक्रमका साथै विश्वका विभिन्न प्राज्ञिक संस्थासँगसम्बन्ध विस्तार गर्दै अघि बढिरहेको रजिष्टार डा कैलाश तिमल्सिनाले बताउनुभयो। पोखरामा दुई विश्वविद्यालयका साथै त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक, निजी तथा सामुदायिक क्याम्पस सञ्चालनमा छन्। पोखरामा हाल १३ सामुदायिक क्याम्पस सञ्चालनमा रहेका छन्।

## दसैँको साइत बिहान ११:३६ बजे

**रासस**
काठमाडौं, ४ असोज

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले विजया दशमीको शुभसाइत असोज २६ गते बिहान ११:३६ का लागि उत्तम रहेको जनाएको छ।

त्यस दिन बिहान ८:३३ बजे देवी विर्सजनको साइत रहेको समितिका अध्यक्ष श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो। विजया दशमीको प्रसाद ग्रहण गर्दा पूर्वतर्फ फर्केर बस्नुपर्ने उहाँले बताउनुभयो। यस वर्षको नवरात्र अर्थात् दसैँ यही असोज १७ गते बिहीबारदेखि सुरु हुँदैछ। त्यस दिन बिहान ९:१६ बजे घटस्थापनाको साइत रहेको समितिले जनाएको छ। साथै असोज १८ गते शुक्रबार झण्डा फर्ने (पश्चिम मोहडा) ९:१४ बजे, असोज २२ गते मङ्गलबार पचलीभैरव यात्रा, असोज २४ गते बिहीबार फूलपाती र श्री तुलजाभवानी यात्रा विहान ७:११ बजे र स्थिरासन बिहान ८:४३ बजे साइत रहेको समितिले जनाएको छ। त्यसैगरी असोज ३० गते बुधबार अखिलबलीपूर्ति गर्नुपर्ने समिति सदस्य एवं धर्मशास्त्र विद् प्राडा देवमणी भट्टराईले बताउनुभयो। यसै दिन कोजाग्रत पूर्णिमा मनाएसँगै यस वर्षको दसैँ समापन हुनेछ।

## लेकसिटी कलेजको संचालक समितिको अध्यक्षमा पुनः प्राडा पराजुली

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज




पोखरा वडा नं ४ स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरको १७ औं साधारण सभा तथा अधिवेशनले संचालक समितिको अध्यक्षमा पुनः प्राडा विश्वकल्याण पराजुलीलाई चयन गरेको छ। समितिको सदस्यहरुमा क्रमश डा. रामनाथ ओझा, विष्णु अधिकारी, शोभाकान्त सिग्देल र सदस्य सचिव नारायण कुमार श्रेष्ठ रहेका छन्।

लेकसिटी कलेज संचालक समितिका संस्थापक अध्यक्ष गेहेन्द्रेश्वर कोइराला र वर्तमान अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीले संयूक्त रुपमा व्यानरमा हस्ताक्षर गेरर कार्यक्रम उद्घाटन गरेका थिए। संस्थापक अध्यक्ष गेहेन्द्रश्वर कोइरालाले कलेजले पढाइ सँगै सामाजिक कार्यमा पनि अगाडि बढेकोमा खुशी व्यक्त गर्नु भयो। विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञान सँगै प्रयोगात्मक अभ्यासमा पनि जोड दिनु पर्ने कोइरालाले भने। विद्यार्थीहरुलाई हरेक वर्ष सामाजिक कार्य दिवस र प्रेस स्वतन्त्रता दिवसको दिन प्रत्यक्ष सहभागी गराए कार्यक्रम गरिने क्याम्पस प्रमुख नारायण कुमार श्रेष्ठले जानकारी दिए। स्वदेश तथा विदेशमा लामो समयसम्म पत्रकारिता गरिरहेका पत्रकार र कलेजका विद्यार्थीहरुविच अन्तरक्रिया कार्यक्रम गरिने प्रमुख श्रेष्ठले भने। कलेजमा अध्ययनरत विद्यार्थीहरुवाट कम्तिमा २० जना विद्यार्थीहरुलाई अनुसन्धान कार्यमा सहभागी गराईने लक्ष्य रहेको प्रमुख श्रेष्ठले जानकारी दिए। पोखरामा मिडिया क्षेत्रमा आवद्ध सवैलाई सहभागी गराईने उद्देश्यले वर्षमा एक पल्ट मिडिया सम्मेलन कार्यक्रम गरिने उनले जानकारी दिए। विद्यार्थी र अभिभावकहरुको सवैभन्दा रुचीमा रहेको कार्निभल कार्यक्रमलाई निरन्तरता दिइने श्रेष्ठले वताए। क्याम्पस संचालक समितिका अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीको अध्यक्षतामा भएको कार्यममा संचालक समितिका सदस्य एवं मानविकी संकायका संयोजक उपेन्द्र पौडेलले स्वागत र सचालक समितिका सदस्य शोभाकान्त सिग्देलले संचालन गरेका थिए। क्याम्पस प्रमुख तथा सदस्य सचिव नारायण कुमार श्रेष्ठले प्रस्तुत गरेको प्रगति विवरण वहुमतले पारित भएको छ। सो क्याम्पसमा स्नातक तहमा विविएस र विएमा अग्रेजी, सामाजिक कार्य पत्रकारिता पढाई हुन्छ। हाल क्याम्पसमा तीन सय भन्दा वढि विद्यार्थीहरु अध्यनरत छन्।

## घान्द्रुक पदमार्गको हब बन्न सक्छ: एक्याप प्रमुख कडरिया

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज



अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) पोखराका प्रमुख डा. रविन कडरियाले घान्द्रुक पदमार्गको हब बन्न सक्ने बताएका छन्।

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ स्थित घान्द्रुक पर्यटन व्यवस्थापन समितिको दोस्रो वार्षिक साधारण सभाको उद्घाटनपछि बोल्दै एक्याप पोखराका प्रमुख कडरियाले घान्द्रुकबाट पदमार्गको गन्तव्य सुरु हुने भएकाले हब बन्ने सक्ने बताए। 'घान्द्रुक आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि रोजाईको गन्तव्य बन्दै गइरहेको छ, घान्द्रुकलाई सास्कृतिक गाउँको रुपमा विकास गर्न सके अझै यसको महत्व बढ्न सक्छ', कडरियाले भने, 'घान्द्रुकबाट अन्नपूर्ण पदमार्ग, मुल्डे,हिडन लेक, म्याग्दीको घोडेपानी, खोर्पा, पुनहिल पदमार्गमा पर्यटकको रोजाईमा पर्छन् जसको कारण घान्द्रुक पदमार्गको हव बन्न सक्छ।' एक्याप प्रमुख कडरियाले घान्द्रुकमा पर्यटकको संख्या र बसाई लम्बाउन नयाँनयाँ पर्यटकीय गन्तव्यसँगै वन्यजन्तु संरक्षणमा विशेष ध्यान दिन समेत सुझाव दिए। 'घान्द्रुकमा पर्यटकको संख्या र बसाई लम्बाउन नयाँनयाँ पर्यटकीय गन्तव्यसँगै घान्द्रुकलाई सांस्कृतिक रुपमा विकास गर्न सके अझै पर्यटकको आगमन बढ्न सक्छ', उनले भने, 'वन्यजन्तुलाई हामीले हानी नोक्सानी गर्ने रुपमा मात्र हेरेका छौं तर यसको संरक्षण प्रवर्द्धन गर्न सके चितवनमा हात्ती र चितुवा हेर्न जाने पर्यटकजस्तै यहाँ पाइने जंगली जनावर देखाउन पर्यटक ल्याउन सकिन्छ।' उनले पछिल्लो समय वन डढेलोका कारण पर्यटन क्षेत्रसँगै जलवायुमा प्रत्यक्ष असर परेकाले वन डढेलो नियन्त्रणमा समुदाय नै चनाखो हुन समेत आग्रह गरे। यस्तै उनले घान्द्रुक लगायत अन्नपूर्ण क्षेत्रमा पाइने अल्लो र स्थानीय उत्पादनलाई ब्राण्डिङ गर्न आवश्यक रहेको बताए। कडरियाले घान्द्रुकको लोकल रक्सी, सुकुटी र स्थानीय उत्पादनलाई समेत ब्राण्डिङ गर्न सके आर्थिक रुपमा समेत सबल हुने बताए। यस्तै अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङले घान्द्रुकको विकासको लागि स्थानीय सरकार, एक्याप र स्थानीयको समन्वयमा काम गर्दै आएको बताए। कार्यक्रममा अन्नपूर्ण संरक्षण क्षेत्र एक्याप इलाका कार्यालय घान्द्रुकका पूर्व प्रमुख जगनसुब्बा गुरुङले घान्द्रुकको विकास र यहाँको संरक्षणको लागि संरक्षण क्षेत्र स्थापना भए सँगै स्थानीयहरुसँग समन्वय गर्दै आएको उल्लेख गरिन्। साधारण सभामा घान्द्रुक पर्यटन व्यवस्थापन समितिका सचिव माया पुन थापाले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष कृष्ण गुरुङले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

यस्तै साधारणमा सभामा अन्नपूर्ण संरक्षण क्षेत्र इलाका कार्यालय घान्द्रुकका पूर्व कार्यालय प्रमुख जनगसुब्बा गुरुङ, घान्द्रुक पर्यटन व्यवस्थापन समितिमा सबैभन्दा बढी विदेशी पर्यटकको शुल्क बुझाउने होटल ब्रिजका सञ्चालक सुवास गुरुङ र नेपाली गाइड (पोटर)को शुल्क बुझाउने होटल वल्ड भिलेज इनका सञ्चालक अमृत गुरुङलाई सम्मान गरिएको थियो। साधारण सभामा तमु प्येल्हु संघ घान्द्रुकका अध्यक्ष प्रेम गुरुङ, लामा अमृत फाउण्डेशनका संस्थापक अमृत गुरुङले घान्द्रुकको विकाससँगै पर्यटन प्रर्वद्धनमा एकताबद्ध तरिकाले अगाडि बढ्न सुझाव दिए। साधारण सभा घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङको अध्यक्षता, सदस्य रामकुमारी परियारको स्वागत र सचिव माया पुन थापाको सञ्चालनमा सम्पन्न भएको थियो।


### नेपालको संबिधानका मुख्य विशेषताहरु

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



डुङ्गा चढ्दै विदेशी पर्यटक : देशको पर्यटकीय राजधानी पोखरास्थित प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा शुक्रबार डुङ्गा चढ्दै विदेशी पर्यटक । मनसुन कम हुँदै जाँदा पोखरामा पर्यटक आगमन सुरु भएको छ।
तस्बिरः कृष्ण दवाडी/रासस

# मनाङको तालगाउँमा रमाउँदै खेलाडी र कलाकार

**पोखरापत्र संवाददाता**
मनाङ, ४ असोज

जिल्लाको प्रवेशद्वार आगन तालगाउँ खेलाडी र कलाकारले भरिभराउ भएको छ। आजदेखि यहाँ आयोजना हुने मैत्रीपूर्ण फुटबल प्रतियोगितामा स्पर्धा गर्न प्रतिष्ठित खेलाडी र कलाकार हरूको आगमन भएको हो।

मनाङमा हिउँचितुवा र याकको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा दिगो विकास गर्ने उद्देश्यले आयोजित खेलमा भाग लिन देशका विभिन्न भागबाट कलाकार तथा खेलाडीको आगमन भएको पर्यटन व्यवसायी सङ्घका अध्यक्ष विनोद गुरुङले बताउनुभयो।

विभिन्न सङ्घसंस्थाका साथै स्थानीय तह, खेलाडी, कलाकार, स्थानीयवासीको सहयोगमा चेतना फैलाउन गत



वर्षदेखि प्रतियोगिता आयोजना गरिएको हो।

कार्यक्रमलाई निरन्तरता दिइरहेको 'एन्ट फाउण्डेसन'का निर्देशक प्रशान्त ताम्राकारले भन्नुभयो, "हामी हाम्रो प्रकृतिको संरक्षण गर्न जरुरी छ। यहाँको पर्यटन प्रवर्द्धनका साथै चेतनामूलक कार्यक्रमले लोपोन्मुख वन्यजन्तुको संरक्षणका साथै जैविक विविधता संरक्षणमा टेवा पुग्नेछ।"

जैविक विविधता संरक्षण समाज नेपालका निर्देशक पारसविक्रम शाहले पर्यटकीयस्थल मनाङको पर्यटन प्रवर्द्धनका साथै यहाँको जैविक विविधतालाई बचाउने अभियानका रुपमा खेलकुद प्रतियोगितालाई लिएको बताउनुभयो। उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण हिमालमा बढी असर परेको वैज्ञानिकहरूको भनाइलाई आत्मसात् गर्दै सम्पदाको संरक्षणमा जुट्नुपर्छ। एकैपटकमा धेरै प्रभाव पार्न नसके पनि आमनागरिक सचेत हुनेछन्।"

चामे गाउँपालिका-५ का स्थानीय फुर्वा लामाले कार्यक्रमपछि जिल्लामा केही प्रभाव परेको बताउनुभयो। उहाँले विभिन्न सङ्घसंस्थाको सहकार्यमार्फत सञ्चालित चेतनामूलक कार्यक्रमले स्थानीयलाई सचेत तुल्याएको बताउनुभयो।

जैविक विविधता संरक्षण समाज नेपाल र ऐन्ट फाउन्डेसनको संयुक्त आयोजनामा चामे गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिकाको सहकार्यमा विभिन्न सङ्घसंस्था, राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, संरक्षण क्षेत्र व्यवस्थापन समिति, खेलकुद विकास समिति, जिल्ला फुटबल सङ्घको सहयोगमा जिल्लाका विभिन्न स्थानमा 'हिउँ चितुवा र याकको लागि सँगसँगै' भन्ने नाराका साथ मैत्रीपूर्ण फुटबल खेल हुन लागेको हो।

# अनेमसङ्घ (क्रान्तिकारी) गण्डकीमा शाही निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) गण्डकी प्रदेशको अध्यक्षमा गीता शाही (तनहुँ) सर्वसम्मत निर्वाचित हुनुभएको छ।

पोखरामा शुक्रबार राति अबेर सम्पन्न सङ्घको प्रथम सम्मेलनले शाहीको अध्यक्षतामा एक सय २१ सदस्सीय प्रदेश कार्यसमिति निर्वाचित गरेको हो। सङ्घको उपाध्यक्षमा लीला विक (गोरखा), फूलमाया पुन (बागलुङ) र शोभा क्षत्री (पर्वत) निर्वाचित हुनुभयो। सचिवमा निर्मला सुवेदी 'क्रान्ति' (कास्की) र कोषाध्यक्षमा दिलमाया पुन (बागलुङ) निर्वाचित हुनुभयो। यसैगरी सहसचिवमा हेमकुमारी सुनार 'ज्योति' (नवलपुर) निर्वाचित यचन भएकामा बाँकी दुई सहसचिव पछि चयन गरिने जनाइएको छ। यसअघि सम्मेलनको उद्घाटन गर्दै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष पम्फा भुसालले संविधानमा व्यवस्था गरिएका महिलाका अधिकारहरू रक्षा गर्नका लागि सम्पूर्ण महिला सचेत र सजग रहनुपर्ने बताउनुभएको थियो। उहाँले लामो सङ्घर्षपछि प्राप्त अधिकार र उपलब्धिमाथि षड्यन्त्र हुनसक्ने भएकाले परि स्थितिसँग जुध्न तयार रहन अपिल गर्नुभयो। "अहिलेको संविधान माओवादी जनयुद्धले लेखिएको हो, यसमा धेरै अधिकार स्थापित छन्। संविधान संशोधनको बहानामा पुरानै संविधानतिर फर्काउने षड्यन्त्रसमेत हुनसक्दछ। त्यसैले संविधानको रक्षाका लागि सबै एकजुट हुनु आवश्यक छ", उपाध्यक्ष भुसालले भन्नुभयो। पार्टीलाई आगामी निर्वाचनमा कसैसँग गठबन्धन नगरिकन एक्लै चुनाव लड्न सक्ने बलियो शक्ति बनाउनेगरी पार्टी निर्माण गरिने उहाँले बताउनुभयो। पार्टी स्थायी समिति बैठकपछि सबै प्रदेशमा पार्टीका बैठक सम्पन्न भएको र आगामी केन्द्रीय समिति बैठकका लागि महत्त्वपूर्ण सुझाव नेता, कार्यकर्ताबाट प्राप्त भएको उपाध्यक्ष भुसालले बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिलो संविधानसभा निर्वाचनमा हामीले एकल बहुमत नजिक पुगेका थियौँ। त्यसपछि हाम्रो जनमत कम हुँदै गएको छ। हामी सत्तामा बढी केन्द्रित भयौँ, अब जनतामा जाने र बलियो पार्टी बनाउने गरी कार्यक्रम बनाउँदैछौँ।" उपाध्यक्ष भुसालले राजनीतिक मान्यतामा पहिलो र दोस्रो ठूलो दलको सरकार बन्न नसक्ने भए पनि अघिल्लो सरकारले सुरु गरेका सुशासनलाई रोक्नका लागि हतार-हतार नयाँ सरकार बनेको टिप्पणी गर्नुभयो।

माओवादी केन्द्रका सचिव दीननाथ शर्माले जनयुद्धमा नेपाली महिलाले गरेको ठूलो त्याग र बलिदानका कारण संविधानमा धेरै हक अधिकार स्थापित भएको बताउनुभयो। अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष अमृता थापामगरले जनयुद्धमा जस्तै अबको समाजवादी क्रान्तिमा समेत महिला शक्ति अग्रणी मोर्चामा उभिनुको विकल्प नभएको बताउनुभयो। सम्मेलनमा गण्डकी प्रदेशका ११ जिल्लाबाट गरी चार सय ५० जना प्रतिनिधिको सहभागिता थियो। सम्मेलनका अवसरमा महिला सङ्घका संस्थापक, जनयुद्धका जेल ब्रेकर महिला तथा घाइते योद्धालाई सम्मान गरिएको थियो।

# तनहुँमा पनि स्ट्रबेरीखेती

**पोखरापत्र संवाददाता**
दमौली, ४ असोज

ऋषिङ गाउँपालिकाले परीक्षणका रूपमा स्ट्रबेरीखेती थालेको छ।

गाउँपालिका-७ पुरानोथोकमा ऋषिङ साना किसान कृषि सहकारीसँगको सहकार्यमा पालिकाले स्ट्रबेरीखेती सुरु गरेको हो। गाउँपालिकाका कृषि प्राविधिक प्रवेश पण्डितका अनुसार स्ट्रबेरी प्रवर्द्धन कार्यक्रमअन्तर्गत गाउँपालिकाको लगानीमा डेढ रोपनी जग्गामा दुई हजार दुई सय ५०स्ट्रबेरीका बिरुवा रोपिएका छन्।

परीक्षणका रूपमा खेती गरिएको हो। तीन प्रजातिका बिरुवा रोपिएको छ। केहीमा रासायनिक र केहीमा जैविक मल हालेर बिरुवा रोपिएको बताउँदै उहाँले भन्नुभयो, "कुनचाहिँ राम्रो हुन्छ परीक्षण गर्छौं र त्यसैअनुरुप खेती विस्तार गर्नेछौँ।"ऋषिङको हावापानी स्ट्रबेरीका लागि सुहाउँदो भएकाले प्रतिफल पनि राम्रो हुने प्राविधिक पण्डितको विश्वास छ। अपेक्षाअनुसार उत्पादन भएमा खेती विस्तार गरिने उहाँले बताउनुभयो।

# कुँडहर-१३ निवासी कमला गुरुङको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असोज

जीवनमा जन्मसँगै ध्रुवसत्यता छ मृत्यु। हरेकको जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ। जीवनमा कस्को मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन।

मानव जीवन हावा फुकेको वेलुन जस्तो छ। वेलुनमा हावा रहिन्जेलसम्म राम्रो हुन्छ तर फुटेपछि अनन्त शुन्यमा बिलिन हुन्छ। मानीसको मृत्यु पश्चात केही न केही छाप छाडेर गएको पाइन्छ। जय नेपाल मार्ग निवासी गुरुङ परिवार र हामी अफन्त विच कमला गुरुङ सालीन व्यवहार र हँसीलो वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ।

हरेक भेटमा मुसुक्कै हाँस्दै बाबु चिया पिउने कि फलफूल खाने आमाको हरेक भेटको स्मरणीय रहिरहन्छ। कमला आमाको आफन्तसँग मात्र नभइ टोलमा पनि सवैसँग मिलेर बस्नु भएको थियो। धेरै दिन पछि घर आउँदा होस विदेश गएर फर्केका दाजुभाइ दिदीवहिनी हरेकले कमला आमालाई भेटेर आएको बाक्य पटक पटक सुन्न पाइन्थ्यो। मिठो वचन र सहज



व्यवहारले आज पनि आमाको शरीर हामी विच नभएपनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र पोखरेलीले विर्सन सक्दैन। २०८१ असोज २ विहान ८४ वर्षको बुधवार कमला आमाको निधन भएको हो। स्व. कमला आमाको स्वास्थ्यमा केही दिनदेखि समस्या आएको थियो।

साविक आर्वा गाविस वडा नं ८ विजयपुर पोखरी बस्ने बाबा स्व. गज वहादुर गुरुङ र आमा स्व. नाना गुरुङको कोखवाट सन् १९४० डिसेम्बर १४ मा जन्मनु भएको कमला आमा हाल पोखरा १३ बस्दै आउनु भएको थियो। कमला आमाको जेठा छोरा वारेन्ट अफिसर टु इन्दर सिंह गुरुङ, कान्छा छोरा क्याप्टेन पिताम्बर गुरुङ र छोरी डा. सुनिता गुरुङ पनि आमा जस्तै सितलो, मिलनसार र सामाजिक हुनुहुन्छ। आमाको छ नाति, एक नातिनि र एक नातिनि बुहारी हुनुहुन्छ। आमाको शुक्रवार सयौं व्यक्तिहरुको उपस्थितिमा पोखरा रामघाट स्थित बौद्ध अर्घौं सदनमा दाहसंस्कार गरिएको छ। दाहसंस्कारमा, समाजसेवी, दाजुभाई, आफन्त, शुभचिन्तकहरु र विभिन्न संघ संस्थाका सदस्यहरुको बक्लो उपस्थिति रहेको थियो।


## बाराही बचत तथा ऋण सहकारी संस्था लि.
बिरौटा, पोखरा-१७
फोन नं.: ०६१-४६३१८७

### २५ औ बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।


यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१ भाद्र ०९ गते सम्पन्न संस्थाको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २५औं बार्षिक साधारण सभाको कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा उक्त कार्यक्रममा यहाँको अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछु।

**छलफल तथा पारित गरिने प्रस्तावहरु**:
- कोषाध्यक्षद्वारा प्रस्तुत संस्थाको आ.व २०८१/०८२ को प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट।
- लेखा समितिको प्रतिवेदन छलफल तथा पारित।
- अध्यक्षद्वारा प्रस्तुत संस्थाको सञ्चालक समितिको प्रतिवेदन उपर छलफल तथा पारित।
- आ.व. २०८०/०८१ को संस्थाको लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित।
- आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति एवं निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा।
- विविध।

**कार्यकम**
**मिति- २०८१ असोज १९ गते शनिबार।**
**समय - बिहान १०:३० बजे।**
**स्थान - रोयल महल (बिरौटा चोकदेखि १०० मिटर ड्यामसाईड तर्फ)**
**पुनश्च** : साधारण सभामा शेयर सदस्य स्वयम् उपस्थित हुनुहोला। यस वर्ष कक्षा १२ मा, सस्थाका शेयर सदस्यका छोरा र छोरी मध्येबाट १/१ जना उत्कृष्ट हुने बाबुनानीहरुलाई पुरस्कार तथा सम्मानको कार्यक्रम भएको हुँदा यदि तपाईं, शेयर सदस्यहरुका छोराछोरीले यसै वर्ष कक्षा १२ परीक्षा उत्तीर्ण गर्नुभएको भए प्राप्त लब्धाङ्क-पत्रको फोटोकपी मिति ०८१ असोज १० गतेसम्ममा संस्थामा उपलब्ध गराईदिनुहोला।)
(**नोट** : सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई यातायात खर्च वापत रु.१०००।- ब्यबस्था गरिएको छ।)

खिम बहादुर पहारी
(सचिव)

## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'जोङ' गुफा, जसले प्राचीन सभ्यताको झल्को दिन्छ !

सन्तोष गौतम
म्याग्दी, ४ असोज /रासस



चारै तिर नाङ्गो र सुख्खा पहाड, पहाडको भित्तामा प्वालहरू । फेदीको प्वालबाट छिरेपछि तला चढ्दै पहाडको टुप्पोमा पुगिने । तलापिच्छे धुँवाले कालो भएका कोठा । कोठामा बत्ति बाल्ने, सामग्री भण्डारण गर्ने ठाउँ तथा विभिन्न कलाकृति । यहाँ आउँदा जोकोही मोहित हुन्छन् ।

यस्तो अनौठो तर आकर्षक गुफा हो, मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ मा रहेको 'जोङ' गुफा । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरुङकानुसार परापूर्वकालमा यस गुफामा मानव बस्ति थियो, त्यसैले प्राचिन मानव सभ्यता झल्काउने सङ्केत अहिले पनि देख्न सकिन्छ । उहाँ भन्नुहुन्छ, "गुफाभित्र रहेका सामग्री र अग्रजको भनाइअनुसार दुई हजार वर्ष पहिले बस्ती विकास हुनुअघि यस गुफामा मानिस बसेका थिए । प्राचिन मानव सभ्यताको झल्को दिने यो गुफा पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ ।"

समुन्द्रि सतहदेखि तीन हजार सात सय ८५ मिटर उचाइमा अवस्थित जोङ्ग गुफाका नामले चिनिने यस गुफालाई स्थानीयले 'सिजा जोङ्ग' भन्दछन् । भुईंसहित छ तला रहेको यस गुफामा करिब ५० वटा कोठा छन् ।

हरेक तलाको बीच भागमा बाटो र दायाँबायाँ कोठा छन् । एउटा तलादेखि अर्को तलामा उक्लने भऱ्याङ छ । गुफाका हेरालु छिरिङ गुरुङले पर्यटकीय याममा दैनिक ५० जनाभन्दा बढीले गुफा अवलोकन गर्ने गरेको बताउनुभयो । असोज, कात्तिक, चैत, वैशाख र जेठ महिनामा यहाँ पर्यटकको चहलपहल हुन्छ । "यो गुफामा कहिले मानिस बसे भन्ने आधिकारिक तथ्य र प्रमाण हामीसँग छैन", उहाँले भन्नुभयो, "परापूर्वकालमा दुस्मनबाट बच्नका लागि पनि एकैठाउँमा गाउँभरिका सबै परिवार बस्नका लागि यो गुफा प्रयोग गरेको बाबु बाजेले सुनाउनुहुन्थ्यो ।"

किंवदन्तीअनुसार परापूर्वकालमा तिब्बती समूहले छोसेरमा आक्रमण गर्दा त्यहाँका बासिन्दा गुफामा गएर लुकेर बसेका थिए । आक्रमणकारी समूहले पानीको मुहान थुनिदिए छन् तर गाउँलेले विवेक प्रयोग गरी सो समूहलाई त्यहाँबाट लखेटेपछि त्यसको प्रतिकारमा आतङ्कारी समूहले गुफाभरि तेल पोखिदिएको थियो । त्यसैकारण अचेल पनि गुफाभित्रको भागमा तेल पोखिएजस्तो देखिन्छ । गाउँलेले आतङ्कारी समूहलाई भगाएपछि त्यसको सुरक्षाका लागि चट्टानमा ससाना गुफा बनाइ त्यसैमा लुकेर सुरक्षा दिन थालेका र त्यसको अवशेष अहिलेसम्म पनि रहेको भन्ने गरिएको स्थानीय सोनु टसीले बताउनुभयो । मुस्ताङमा रहेका अन्य गुफाभन्दा सिंजा जोङ्ग ठूलो र फरक पहिचान भएको गुफा मानिने गरेको उहाँको भनाइ छ । यहाँस्थित व्यवस्थापन समितिले गुफासहित निफु र गर्फु गुम्बाको अवलोकनका लागि विदेशी पर्यटकसँग रु एक हजार तथा स्वदेशी पर्यटकसँग रु एक सय शुल्क लिने गरेको छ । गुफामा रहेका सामग्रीलाई संरक्षण गरेर राखिएका छन् ।

तनहुँको शुक्लागण्डकी नगरपालिकाको दुलैगौडाबाट आएका सन्देश भट्टराईले गुफा अवलोकन गर्दा ढुङ्गे युगको जस्तो कल्पना भएको प्रतिक्रिया दिनुभयो । "बाहिरबाट हेर्दा सामान्य लागे पनि भित्र पस्दा अनौठो र आश्चर्य लाग्यो", उहाँले भन्नुभयो,"परापूर्वकालमा मानिसको बसाइँ कस्तो थियो भन्ने झल्को यो गुफाले दिन्छ ।"

लोमान्थाङ गाउँपालिकाले यहाँ आउने पर्यटकको सहजताका लागि अत्यावश्यक पूर्वाधार बनाएको छ । गुफा परिसरमा सार्वजनिक शौचालय र प्रतिक्षालय भवन निर्माण गरेको अध्यक्ष टसी नर्बु गुरुङले बताउनुभयो । "जोङ्ग गुफाको संरक्षण र आम्दानीलाई व्यवस्थित गरी सोही ठाउँको प्रवर्द्धनमा परिचालन गर्न स्थानीयसँग छलफल भए पनि निष्कर्षमा पुग्न सकिएको छैन," उहाँले भन्नुभयो "जमिनदेखि पहाडको भित्तामा रहेका गुफामा पुग्ने पक्की र तला उक्लने काठको भऱ्याङ पनि गाउँपालिकाले नै बनाएको छ ।" बेनी-जोमसोम-कोरला सडकको लोमन्थाङ नेचुङ खण्डदेखि जोङ्ग गुफाको परिसरसम्म गाडीमा पुग्न सकिन्छ । चीन र नेपालको सिमानामा रहेको कोराला नाका जाने अधिकांश पर्यटकले यो गुफा अवलोकन गर्छन् । यसरी अवलोकनका लागि आउनेहरूले यहाँ राखिएको पुस्तिकामा अवलोकनपश्चात अर्कै संसारमा पुगेको अनुभूति हुने गरेको विचार व्यक्त गरेका छन् । कतिपयले ' आश्चर्यजनक प्राकृतिक सम्पदा' भनेर आफ्ना विचार व्यक्त गरेका छन् ।

यस गुफाबारे अनुसन्धान गरी ऐतिहासिक महत्व र तथ्यको पहिचान तथा तिनको संरक्षण गरिनुपर्ने स्थानीयको माग छ । यसो गर्नसकेमा आन्तरिक तथा बाह्य पर्यटक भित्रयाएर आम्दानीमा समेत हुने सम्भावना छ । हाल भइरहेको आम्दानीलाई पनि गाउँपालिकाले सङ्कलन र परिचालन गरी सोहीअनुसार गुफाको संरक्षण, विकास र प्रवर्द्धनमा लाग्नुपर्नेमा धेरैको जोड छ ।

# सुनसान अन्नपूर्ण पदमार्गमा पर्यटकको चहलपहल

पोखरापत्र संवाददाता
लमजुङ, ४ असोज

बर्खायाम प्रारम्भ भएसँगै सुनसान अन्नपूर्ण पदमार्गमा पर्यटकको चहलपहल सुरु भएको छ । खुम्धुपछिको आकर्षक यो पदमार्गमा दैनिक एक सय ५० पर्यटक आउन थालेका छन् ।

धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका प्रमुख भूपेन्द्र गुरुङका अनुसार बर्खायाममा दैनिक दुई-चार जना पर्यटक आउने गरेकामा हाल एक सय ५० जना आउन थालेका छन् । पर्यटक आगमनसँगै पदमार्ग क्षेत्रका होटल व्यवसायी पनि व्यस्त भएका छन् ।

सन् २०२४ को जनवरीदेखि हालसम्म उक्त पदमार्गमा १२ हजार तीन सय ५५ जना पर्यटक आएका प्रमुख गुरुङले बताउनुभयो ।

अघिल्लो वर्षको सोही अवधिमा १० हजार आठ सय ९७ जना पर्यटकले पदयात्रा गरेका थिए । हालसम्म फ्रान्सका एक हजार एक सय ७२, इजरायलका एक हजार ८२, जर्मनीबाट आठ सय ९२, भारतका आठ सय २८ जना पर्यटकले यो भेगको भ्रमण गरेका उहाँले जानकारी दिनुभयो ।

पर्यटक आउने याममा दैनिक ५० हजारभन्दा बढी आम्दानी हुने गरेकामा बर्खायाममा पर्यटक नआउँदा दैनिक रु दुई-चार हजार आम्दानी हुँदै आएकामा हाल रु १५ देखि ३० हजारसम्म कारोबार हुने गरेको मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी मेखबहादुर गुरुङले बताउनुभयो । हिमाल, उच्च पहाडका र पहाडका साथै यहाँको रीतिरिवाज, वेशभूषाबारे जानकारी लिँदै संसारको सबैभन्दा अग्लो मानिसएको थोराङला पासबाट मुस्ताङक र पोखरा जान पर्यटकहरू अन्नपूर्ण पदमार्गमा आउने गरेका छन् ।

पर्वतारोण र पदयात्राका निम्ति प्रख्यात मनाङ आउने पर्यटक थोराङलातर्फ पनि जाने गरेका छन् । यो स्थान पार गर्न करिब २१ दिन लाग्ने गरेकामा केही स्थानमा सवारीसाधनसमेत सञ्चालनमा आएपछि थोराङलाको यात्रा १२ दिनमा टुङ्गिने गरेको पदयात्रा व्यवसायीहरूले बताएका छन् । विगतका वर्षहरूमा भै यो वर्ष पनि दैनिक चार सय पर्यटकले मनाङ भ्रमण गर्ने उनीहरूको अपेक्षा छ ।

# सुरु भयो पदयात्राको याम

रामबहादुर थापा
गण्डकी, ४ असोज/रासस

शरद् ऋतुसँगै पदयात्रा पर्यटनको मुख्य याम सुरु भएको छ । असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्राका लागि अत्यन्त राम्रो मानिन्छ । पदयात्राका लागि विश्वप्रख्यात अन्नपूर्ण चक्रीय पदमार्गसहित यहाँका पर्यटकीय गन्तव्यमा पर्यटक आउन सुरु गरेका छन् । ट्रेकिङ एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले मध्यअसोजदेखि पर्यटकको चहलपहल बढ्दै जाने जानकारी दिनुभयो ।

"विदेशी पर्यटकको बुकिङ आइरहेको छ, नेपालीहरु दसैं आसपासमा बढी घुम्न निस्कन्छन्", उहाँले भन्नुभयो, "पदयात्रा पर्यटन कोभिड-१९ अघिको स्थितिमा अझै नफर्केपनि सुधारतिर उन्मुख हुँदै गएको छ, यस याममा पर्यटक बढ्ने आशा छ ।" पोखरा-मुग्लिन सडक निर्माणमा भइरहेको ढिलाइले पनि यस क्षेत्रमा भित्रने पर्यटकको सहज आउजाउमा बाधा पुऱ्याइरहेको अध्यक्ष अचार्यको भनाइ छ । पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडकमार्ग र हवाईयात्रालाई सुरक्षित एवं व्यवस्थित बनाउनुपर्ने उहाँले बताउनुभयो ।

कतिपय पुराना र स्थापित पदमार्ग सडकका कारण सङ्कटमा परेकाले तिनको विकल्प खोज्नुपर्ने अध्यक्ष आचार्यको भनाइ छ । उहाँले 'टान'ले आउँदो साता पर्ने अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसर पारेर नयाँ पर्यटकीय पदमार्गको प्रवर्द्धन गर्ने योजना बनाएको बताउनुभयो । उक्त संस्थाले पदयात्रा पर्यटनलाई थप व्यवस्थित बनाउन पथप्रदर्शकहरुलाई जैविक विविधता र पर्यावरणबारे अभिमुखीकरण गरेको थियो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार असोज लागेयता पछिल्ला तीन दिनमा २५ सय ७७ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका छन् । जसमध्ये दक्षिण एसियाली मुलुकका १५ सय ७२ र अन्य मुलुकका एक हजार पाँच जना रहेका छन् । गत भदौमा दक्षिण एसियाली मुलुकका सात हजार तीन सय ६९ र अन्य मुलुकका पाँच हजार नौ सय एक गरी जम्मा १३ हजार दुई सय ७० पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । 'एक्याप'ले पदयात्रा र सडकमार्गमा भएर सो क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको तथ्याङ्क राख्दै आएको छ ।

आयोजना प्रमुख डा रविन कडरियाले अन्नपूर्ण संरक्षण क्षेत्रलाई फोहोरमुक्त बनाउने अभियान सञ्चालन गरिएकाले त्यहाँ जाने पर्यटकलाई सकेसम्म बोतल र प्लाष्टिकजन्य सामग्री नलैजान आग्रह गर्नुभयो । "उच्च पहाडी र हिमाली भेगमा जाँदा लेक लाग्ने घटना वृद्धि भइरहेकाले पर्यटकलाई विशेष सावधानी अपनाएर यात्रा गर्न अनुरोध गर्दछौं", उहाँले भन्नुभयो । गत आवमा अन्नपूर्ण क्षेत्रको भ्रमणमा निस्केका २१ जना पर्यटकको लेक लागेर मृत्यु भएको डा कडरियाले जानकारी दिनुभयो । तीमध्ये छ जना नेपाली, ११ जना भारतीय, मलेसियाका दुई, युक्रेनका एक र एक बेलायती नागरिक थिए । "अधिकांश लेक लाग्ने घटना मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुने गरेका छन्", डा कडरियाले भन्नुभयो, "हिमाली भेगको पदयात्रामा जाँदा विशेष ख्याल गर्नुपर्छ, एकैपटकमा उचाइमा पुग्नुहुँदैन, विश्राम लिँदै जानुपर्छ ।" लामो दुरीको पदयात्रामा निक्कँदा समूहमा या पथप्रदर्शक लिएर मात्र जानुपर्ने उहाँको भनाइ छ ।

पदयात्राका लागि प्रख्यात म्याग्दीको घोडेपानीका पर्यटन व्यवसायी जुली पुनले केही दिनयता मौसम खुलेसँगै पदयात्री पर्यटक आउने क्रम सुरु भएको बताउनुभयो । "विदेशीहरुले पदयात्रा रुचाउने भएपनि बढीजसो आन्तरिक पर्यटक सडकमार्ग भएर यहाँ आउने गरेका छन्", उहाँले भन्नुभयो, "वर्षातका बेला बिग्रेको सडक मर्मतसुधार हुन नसकेका कारण पर्यटकको आउजाउ सहज हुन सकेको छैन ।" जीर्ण सडकका कारण व्यवसायीहरुले आफूलाई चाहिने सरसामान ल्याउन पनि मुस्किल भइहेको उहाँले सुनाउनुभयो । व्यवसायी पुनले कोभिड-१९ अघिको अवस्थामा जस्तो विदेशी पर्यटक अझैपनि घोडेपानीमा भित्रन नसकेको बताउनुभयो । "पोखराको हवाईमार्गमा विभिन्न समयमा भएका जहाज दुर्घटनाले पनि पर्यटन क्षेत्रमा असर गरेको छ, काठमाडौँदेखि पोखरा जोड्ने राजमार्ग पनि समयमा नबन्दा समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "सरकारले पर्यटन क्षेत्रलाई उकास्न पूर्वाधार निर्माण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।" अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने पर्यटकीय गन्तव्य हुन् । कास्कीको खुमै डाँडा, कोरी, सिक्लेस, धम्पुस, ताङतिङ, ल्वाङ्लगायत गाउँ पनि पदयात्राका लागि चिनिएका गन्तव्यस्थल हुन् । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिने 'एक्याप'का प्रमुख डा कडरियाले बताउनुभयो ।

चार वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नै पर्ने दस गन्तव्य सूचीमा राखेको थियो । अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ । गत वर्षको शरद याममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अन्नपूर्ण आधार शिविरको भ्रमण गर्नुभएको थियो । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् ।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । अन्नपूर्ण क्षेत्रमा गत आवमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिए । जसमध्ये एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ पर्यटक रहेका छन् । कुनैबेला विदेशी पर्यटकले चिनाएको यस क्षेत्रको पदयात्रा पर्यटन पछिल्लो समय आन्तरिक पर्यटकमाझ पनि उत्तिकै लोकप्रिय छ ।

नेपालको प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द बटुल्न मानिसहरु पदयात्रामा निस्कन्छन् । शारीरिक, मानसिक स्वास्थ्य र तन्दुरुस्तीका दृष्टिले पनि पदयात्रा गर्नु उपयुक्त मानिन्छ ।

# एमाले नेता अधिकारीलाई मातृशोक

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

नेकपा एमाले गण्डकी प्रदेश कमिटीका सदस्य अर्जुन अधिकारीलाई मातृशोक परेको छ ।

नेता अधिकारीका पोखरा १९ घार्मी निवासी ६० वर्षिय आमा दुर्गादेवी अधिकारीको शुक्रबार बिहान निधन भएको हो । विसं २०२१ साल असोज ९ गते हालको पोखरा १८ मेथ्लाङमा जन्मिएकी अधिकारीले १० वर्ष अघि श्रीमान गुमाएकी थिइन् । सामान्य उपचारका लागि शुक्रबार बिहान पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पुगेकी अधिकारीको हृदयघातका कारण निधन भएको परिवारिक स्रोतले जानकारी दिएको छ । स्वर्गीय अधिकारीको आजै स्थानीय गोस्तेघाटमा अन्त्यष्टि गरिएको छ । उनको पार्थिव शरीरमा छोरा अर्जुन अधिकारीले दागबत्ती दिए । स्वर्गीय अधिकारीका छोरा अर्जुन र २ छोरी छन् । यसअघि अधिकारीको पार्थिव शरीरमा एमाले स्थायी कमिटीका सदस्य खगराज अधिकारी, नेता मायानाथ अधिकारी भीमबहादुर कार्कीले पाटीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए। गोस्तेघाटमा भएको श्रद्धाञ्जली सभामा एमाले नेता जगत विश्वकर्मा, कास्की अध्यक्ष वैनबहादुर क्षेत्री, जिल्ला समवन्य कास्कीका प्रमुख लिलाधर पौडेल,नेता दिपक पौडेल, शोभामोहन पौडेल, पोखरा महानगर अध्यक्ष जीवन आचार्य , पोखरा १९का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, लगायतले श्रद्धाञ्जली व्यक्त गरेका थिए । स्वर्गीय अधिकारीको शवमा स्थानियले फुल माला चढाएर अन्तिम विदाई गरेका थिए । अधिकारीले घार्मीको विकास निर्माण तथा महिला सशक्तीकरणको क्षेत्रमा निकै ठूलो योगदान पुर्याएकी थिईन् ।

# 'अस्पतालको समयमा चिकित्सक बाहिर जान नपाउने'

रासस
चितवन, ४ असोज

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा काम गर्ने समयमा चिकित्सकहरु निजी अस्पतालमा जान नपाउने बताउनुभएको छ । आज यहाँ पत्रकारसँग कुरा गर्दै उहाँले भन्नुभयो, "सरकारी अस्पतालमा काम गर्ने समयमा उहाँहरु उपलब्ध हुनुपर्छ ।"

मन्त्रालयले केही दिनअघि जारी गरेको निर्देशिका अस्पताल र विभागमा कार्यान्वयनको चरणमा रहेको उहाँले जानकारी दिनुभयो । निर्देशिका कार्यान्वयन भइरहेकाले कतिपय समस्या देखिएको र ती समस्या छिट्टै समाधान हुने उहाँले बताउनुभयो । स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गरी व्यवस्थित गर्न सरकार अघि बढेको मन्त्री पौडेलको भनाइ छ ।

स्वास्थ्य क्षेत्रको प्रगति हिजोको आजै नदेखिने भएकाले क्रमिक सुधारको बाटोमा लैजाने प्रतिबद्धता उहाँले जनाउनुभयो । मन्त्री पौडेलले भन्नुभयो, "स्वास्थ्य सेवा प्रभावकारी, बीमालाई व्यवस्थित, औषधिको मूल्य समायोजन लगायतका थुप्रै काम सुरु गरेका छौं, ती कार्यान्वयन हुँदै जान्छन् ।"

मन्त्री पौडेलले स्वास्थ्य बीमालाई रु पाँच लाख बनाउने मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्‌बाट पास भएर कार्यान्वयनमा जाने तयारीमा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रो प्रस्तावलाई मन्त्रीपरिषद्‌ले स्वीकार गर्छ र प्रस्ताव स्वीकार भए लगत्तै पाँच लाखको बीमा कार्यान्वयन हुन्छ ।"


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-१३ सुन डाँडा बस्ने टिका माया लामिछानेको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १३ को कित्ता नं. १०८९ को क्षेत्रफल ४९४.८२ वर्गमिटर भएको जग्गामा घर अभिलेखिकरण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. २०११, १०९२, १०९०, दक्षिण तर्फ कि. नं. ११११ र पश्चिम तर्फ कि.नं. १०८८ उत्तर तर्फ बाटोका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# उपल्लो मुस्ताङको पर्यटन विकासमा अर्धनिषेधित क्षेत्रको तगारो

**सन्तोष गौतम**
म्याग्दी, ४ असोज/रासस



मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ मा रहेको न्युतारा होटलका सञ्चालक निमा विष्ट व्यवसाय छाडेर विदेश पलायन हुनुभएको छ ।

व्यवसायमा गरेको लगानीअनुसारको प्रतिफल प्राप्त हुन नसकेपछि होटल आफन्तको जिम्मा लगाएर विष्ट अमेरिका जानुभएको हो । लोमान्थाङ होटल व्यवसायी सङ्घका सचिव छेवाङ गुरुङ धेरै व्यवसायीहरू निमाजस्तै पलायन हुने अवस्थामा रहेको बताउनुहुन्छ ।

"उपल्लो मुस्ताङ पर्यटकका लागि 'भर्जिन एरिया' हो । यहाँ भएका पर्यटकीय गन्तव्यको पहिचान, पूर्वाधार निर्माण र प्रवर्द्धन भएसँगै करोडौँ लगानीमा सुविधायुक्त होटल सञ्चालन भए", उहाँले भन्नुभयो, "अर्धनिषेधित क्षेत्र कायम राख्नु, झन्झटिलो प्रक्रिया पूरा गरी महँगो शुल्क तिर्नुपर्ने भएपछि पर्यटक चाहेर पनि उपल्लो मुस्ताङ आउन नसक्दा व्यवसायी पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको हो ।"

कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्वका दरबार, गुम्बा, छोर्तेन, कोरलानाका उपल्लो मुस्ताङका आकर्षण हुन् । बौद्ध तथा हिन्दू धर्मावलम्बीको साझा तीर्थस्थल दामोदरकुण्ड पनि उपल्लो मुस्ताङमै अवस्थित छ ।

करोडौँ लगानीमा खुलेका होटल सुनसान

निषेधित क्षेत्रका कारण विदेशीहरू सजिलै छिर्न नपाउने र स्थानीयको आर्थिक उपार्जनमा समस्या भएको हो । बिदा र चाडपर्वको समयमा घुम्न आउने नेपालीले उपल्लो मुस्ताङको पर्यटन तथा होटल व्यवसाय निर्भर छ । लोमान्थाङमा रहेका २५ वटा होटलमा दैनिक चार सय पर्यटक बास बस्न सक्ने क्षमता छ । धेरैजसो होटल सधैँ रित्ता हुने मिस्टिक होटलका सञ्चालक रामबहादुर गुरुङले बताउनुभयो । पर्यटक आगमन कम हुँदा उपल्लो मुस्ताङमा रहेका ७० वटा होटलका सञ्चालक समस्यामा परेका छन् । एउटा होटल स्थापनाका लागि सरदर रु तीन करोड ५० लाख लगानी भएको सचिव छेवाङले बताउनुभयो । दैनिक एक हजार पाँच सय पर्यटक बस्न सक्ने होलटको क्षमता भए पनि वार्षिक तीन हजार जनाको हाराहारीमा मात्र पर्यटक पुग्ने गर्छन् । विदेशीको तुलनामा केही बढी नेपाली उपल्लो मुस्ताङ घुम्न गए पनि उनीहरूको आधिकारिक तथ्याङ्क छैन । अर्धनिषेधित क्षेत्र र महँगो शुल्क उपल्लो मुस्ताङको पर्यटन विकासका लागि तगारो बनेको लोमान्थाङ गाउँपालिका-५ का वडासदस्यसमेत रहेका व्यवसायी लाक्पा वाङ्दी गुरुङले बताउनुभयो । "पर्यटक आगमनलाई सहज बनाउन सकेमा राज्य, व्यवसायी र समुदायलाई पनि फाइदा पुग्ने थियो", उहाँले भन्नुभयो, "अर्धनिषेधित क्षेत्रका कारण युवायुवतीहरू व्यवसाय छाडेर विदेश पलायन हुने क्रम बढेको छ ।"

दश दिन घुम्न पाँच सय डल शुल्क

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साविक छुसाङ गाविस र वडा नं ५ को साङ्तालाई सुरक्षा संवेदनशीलताका कारण सरकारले निषेधित क्षेत्र तोकेको हो । मनाङ र गोरखाका केही भूगोल पनि निषेधित क्षेत्रमा समेटिएका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) गर्ने उपल्लो मुस्ताङभ्रमण गर्ने नेपालीबाहेकले अध्यागमन विभागलाई पाँच सय अमेरिकी डलर शुल्क तिरेर १० दिनका लागि विशेष किसिमको अनुमति लिनुपर्ने नियम छ । दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन रु ५० का दरले शुल्क तिर्नुपर्ने नियम छ । लोमान्थाङ गाउँपालिका-१ मा पर्ने नेचुङभन्दा माथि पर्यटकलाई जान रोक लगाइएको छ । सरकारले सन १९९२ देखि उपल्लो मुस्ताङलाई विदेशी नागरिकलाई अनुमति र शुल्क तिरेर निश्चित समयसम्म घुम्न पाउने व्यवस्था मिलाएको थियो । वार्षिक तीन हजार पर्यटक

सन् २०२३ मा ७० देशका तीन हजार चार सय ८४ जना विदेशी नागरिकले भ्रमण गरेको उपल्लो मुस्ताङमा सन् २०२४ मा पनि सोही सङ्ख्याकै अनुपातमा पर्यटकको आगमन भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङका रेञ्जर मदन पौडेलले बताउनुभयो ।

सन् २०२२ मा तीन हजार एक सय १२, २०२१ मा तीन सय ३२, २०२० मा ६२ र सन् २०१९ मा तीन हजार नौ सय १८ जना विदेशी उपल्लो मुस्ताङ पुगेका थिए । सन् २०१७ मा हालसम्मकै बढी चार हजार एक सय १५ जना विदेशी नागरिकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए । तथ्याङ्कानुसार मुस्ताङ भित्रने कुल पर्यटक सङ्ख्याको १० प्रतिशत पर्यटक पनि उपल्लो मुस्ताङ जाँदैनन् । आएका पर्यटक पनि पर्याप्त समय नहुँदा सबै ठाउँ घुम्न नपाउँदै हतारहतार फर्कनुपर्ने समस्या छ । सबै वर्ग र आर्थिक हैसियतका पर्यटकका लागि अनुकूल किसिमको शुल्क निर्धारण र प्रक्रिया नभएकाले उपल्लो मुस्ताङमा पर्यटक आगमन बढ्न नसकेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताउनुभयो ।

निषेधित क्षेत्र हटाउन माग

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएकाले प्रदेश र सङ्घीय सरकारसँग माग गरिरहेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनुर्बु गुरुङले बताउनुभयो । "उपल्लो मुस्ताङलाई निषेधित क्षेत्र कायम राख्दा पर्यटक आगमनमा कमी भई यहाँको पर्यटन व्यवसाय प्रभावित भएको छ", उहाँले भन्नुभयो, "शुल्कसमेत अत्यधिक बढी भएकाले उक्त निषेधित क्षेत्रलाई हटाउन माग गरेका छौँ ।" प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलगायत सबैजसो गृहमन्त्रीलाई भेटेर अर्धनिषेधित क्षेत्र हटाउन माग गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । उपल्लो मुस्ताङलाई अर्धनिषेधित क्षेत्रबाट हटाउने यहाँको पछिल्लो समयको राजनीतिक मुद्दा बनेको छ । चीनको सीमा क्षेत्रमा सुरक्षा निकायको उपस्थिति बढाएर अर्धनिषेधित क्षेत्र हटाउनुपर्ने मुस्ताङकासरोकारवालालेसरकारलाई सुझाव दिएका छन् ।

अर्धनिषेधित क्षेत्र हटाउन नसकेको अवस्थामा प्रवेश शुल्क घटाउनुपर्ने, छिमेकी चीन, भारत र सार्क राष्ट्रका पर्यटकलाई सहुलियत दिनुपर्ने विकल्प पनि उनीहरूले अघि सारेका छन् । अर्धनिषेधित क्षेत्रका बासिन्दाले आफूहरूमाथि एउटै देशमा दुईथरि कानुन लागू भएको गुनासो गर्छन् । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साविक छुसाङ र वडा नं ५ साङ्ताका बासिन्दा अर्धनिषेधित क्षेत्र भए पनि सोअनुसार राज्यले उपलब्ध गराउने सेवासुविधाबाट वञ्चित हुनुपर्दा दोहोरो मर्कामा परेका छुसाङका वडाध्यक्ष विनोद गुरुङले बताउनुभयो ।

मुस्ताङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य योगेश गौचन (थकाली)ले सीमा क्षेत्रमा सुरक्षा निकायको उपस्थिति बढाउँदै निषेधित क्षेत्र हटाउन आवश्यक ऐन, कानुन संशोधनको प्रक्रियामा रहेको बताउनुभयो । "जिल्ला तहबाट आएको सिफारिसअनुसार गृह मन्त्रालयले अध्यागमन विभागमार्फत राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत निकायसँग राय-सुझाव मागेको छ", उहाँले भन्नुभयो, "गृहमन्त्री रमेश लेखकसँग बिहीबार भएको भेटमा पनि अर्धनिषेधित क्षेत्र हटाउने विषयमा ध्यानाकर्षण गराएको छु ।" मन्त्रालयले पहिलो चरणमा वारागुङ मुक्तिक्षेत्रको छुसाङ र साङ्ताको अर्धनिषेधित क्षेत्रलाई आंशिक खुलाउने तयारी गरेको जानकारी दिँदै गौचनले अर्को चरणमा लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको निषेधित क्षेत्र हटाउने अथवा आंशिक हटाउने भन्ने निर्णय हुने प्रतिक्रिया पाएको बताउनुभयो ।

# बागलुङका स्वास्थ्य संस्थामा डेङ्गी परीक्षण किट अभाव

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असोज

धौलागिरी अस्पताल, गलकोट र बुर्तिवाङका प्राथमिक स्वास्थ्य केन्द्रमा डेंगी परीक्षण गर्ने किट अभाव भएको छ ।

धौलागिरि अस्पतालकी सूचना अधिकारी शान्ति शर्माका अनुसार दैनिक ५० देखि सय जनासम्म ज्वरोका बिरामी आइरहेको तथा उनीहरूको स्वास्थ्य परीक्षण गर्न किट अभाव भएको छ । केही दिनदेखि किट अभावसँगै रक्त परीक्षणमा पनि समस्या भएको छ । अस्पतालले गण्डकी प्रदेश सरकारसँग किट उपलब्ध गराउन माग गरेको छ । स्वास्थ्य कार्यालयकी मलेरिया निरीक्षक कमला थापाले प्रादेशिक अस्पतालले प्रदेश सरकारबाटै माग सक्ने भएकोले ग्रामीण क्षेत्रका प्राथमिक स्वास्थ्य केन्द्र र नगर अस्पताललाई मात्र किट प्रदान गरिएको बताउनुभयो । बुर्तिवाङ, बडिगाड र गलकोट क्षेत्रमा पनि डेङ्गीका बिरामी बढेका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले बताउनुभयो । उहाँले खोज र नष्ट गर अभियान चलाएर सङ्क्रमण रोक्ने प्रयास जारी रहेको बताउनुभयो ।

# लोमान्थाङमा स्याउखेती हुन थाल्यो

**सन्तोष गौतम**
म्याग्दी, ४ असोज/रासस



मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीस्थित जनशान्तिमाध्यामिकविद्यालयमा ३२ वर्षदेखि अध्यापन गराउँदै आउनुभएका पोखराका नारायण पौडेल विदामा घर जाँदा म्याग्दीको सिमाना घाँसाबाट कोशेली स्याउ किनेर लैजाने गर्नुहुन्थ्यो ।

उहाँका अनुसार कागबेनीमा छिटपुट रुपमा मात्रै स्याउ उत्पादन हुन्थ्यो । " तत्कालीन समयमा बोकेर लैजानुपर्ने भएकाले सबैभन्दा तल पर्ने लेते-घाँसामा बोटबाट आफैले टिपेर घर जाँदा स्याउ लैजाने गरिन्थ्यो," उहाँले तीन दशकअघिको स्मरण गर्नुभयो "अहिले घाँसा, लेतेमा स्याउको बगैंचानै छैन् । उपल्लो क्षेत्रमा पर्ने लोमान्थाङमा स्याउ फल्न थालेको छ ।"

दशकअघिसम्म जोमसोम र मार्फाबाट स्याउ किनेर लैजाने लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ घाराकी छेमा गुरुङले तीन हजार नौ सय मिटर उचाइमा अवस्थित घारा गाउँको बगैचामा स्याउ फलाउन थाल्नुभएको छ । "पहिले धेरै स्याहार सुसार र मेहनत गरेपनि स्याउ फल्ने गरेको थिएन," उहाँले भन्नुभयो "तापक्रम बढ्न र मौसममा आएको परिवर्तनका कारण अहिले घारामा पनि सजिलै स्याउ फल्न थालेको छ ।" मुस्ताङको मौसम र तापक्रममा आएको परिवर्तनको असर प्रमुख कृषिबाली स्याउ खेतीमा पनि देखिएको कृषक र प्राविधिकहरुले बताएका छन् । तल्लो क्षेत्रमा नासिदै गएको स्याउ खेती माथिल्लो भेगमा फैलिदै र फस्टाउन थालेको छ ।

थासाङ गाउँपालिका-२ कोवाङका कृषक जीवन थकालीले तापक्रम वृद्धि र नयाँ रोग देखिन थालेपछि स्याउखेतीमा चुनौती सिर्जना भएको बताउनुभयो । "पहिलेको तुलनामा धेरै पानी पर्ने, सिजनमा हिउँ नपर्ने, बेसिजनमा हिउँ पर्ने र कम फल लाग्ने समस्या देखिएको छ", उहाँले भन्नुभयो "बगैचा व्यवस्थापन, सिचाई र किराबाट बचाएर स्याउखेतीलाई निरन्तरता दिएका छौँ ।" कोवाङ क्षेत्रको बगैँचाको स्याउमा दादे रोग चुनौतीका रुपमा देखिएको थकालीले बताउनुभयो । स्याउ खेती हुन छाडेपछि लेते, कुञ्जो, कोवाङ, घाँसाका कृषकहरुले विकल्पमा ओखर खेती गर्न थालेका छन् । जोमसोम देखि तल्लो भेगमा अत्याधिक स्याउ खेती हुने भएकाले वि.स. २०२३ मा सरकारले मार्फामा शीतोष्ण बागवानी विकास केन्द्र स्थापना गरेको थियो ।

स्याउलगायत हिमाली फलफूल, तरकारी र खाद्यबालीको अध्ययन, जैविकीय गुणको संरक्षण र बीउको विकास गर्दै आएको केन्द्रका प्रमुख पद्मनाथ आत्रेयले मुस्ताङमा स्याउखेती उकालो चढ्दै गएको बताउनुभयो । "सैद्धान्तिक हिसाबले समुन्द्रि सतहदेखि दुई हजार देखि तीन हजार मिटरको उचाईको भूगोलमा स्याउखेती हुनुपर्ने हो," उहाँले भन्नुभयो "दुई हजार मिटर उचाईको भूगोलमा स्याउखेती नासिएको छ । चार हजार मिटरको उचाइमा स्याउ उत्पादन हुन थालेको छ ।"

स्याउको परागशेचनका लागि चिसो हावापानी र मौसम आवश्यक पर्छ । उच्च गुणस्तरको जातका स्याउ परागशेचन हुन एक हजार देखि एक हजार छ सय घण्टा सात डिग्री भन्दा कम तापक्रम आवश्यक पर्छ । मध्यम गुणस्तरको स्याउलाई छ सय देखि एक हजार घण्टा र कम गुणस्तरको स्याउको परागशेचनका लागि चार सय देखि छ सय घण्टा सम्म सात डिग्री भन्दा कम तापक्रम आवश्यक पर्छ ।

स्याउको परागशेचन हुने समयमा तल्लो मुस्ताङको तापक्रम न्युनतम १६ देखि अधिकतम २१ डिग्री हुँदा गत वर्ष उत्पादन ४० प्रतिशतले घटेको थियो । चालीस प्रजातिका स्याउको संरक्षण गरिरहेको केन्द्रले तापक्रम प्रतिकुल हुन थालेपछि उपल्लो मुस्ताङको लोघेकर दामोदर कुण्ड गाउँपालिका-२ घमीमा बागबानी फार्मको शाखा स्थापनाको तयारी गरेको केन्द्रका प्रमुख आत्रेयले बताउनुभयो । "जलवायु परिवर्तनको सामना गर्दै स्याउको जिन संरक्षणका लागि माथिल्लो क्षेत्रमा शाखा कार्यालय खोल्नुपर्ने अवस्था आएको हो," आत्रेयले भन्नुभयो "स्थानीयले पनि स्याउ खेती गरिरहेको घमीको भूगोल र हावापानी उपयुक्त देखिएकाले जग्गा प्राप्तिको प्रक्रीया अघि बढाएका हौ ।" तापक्रम वृद्धि र मौसम परिवर्तनका कारण खेती हुने भूगोल फेरिनुका साथै स्याउ छिटो पाक्न थालेको छ । पहिले असोज लागेपछि गुलियो पस्ने गरेकोमा यसपाली गर्मी धेरै भएकाले भदौको दोस्रो हप्तामै खान योग्य भएको घरपझोङ गाउँपालिका-२ मार्फाका ७९ वर्षीय लालप्रसाद हिराचनले बताउनुभयो । "पहिले असोज नलागी यहाँको स्याउमा स्वाद आउदैनथ्यो," उहाँले भन्नुभयो "यसपाली विगतका वर्ष भन्दा धेरै गर्मी महशुस भएको छ । स्याउ पनि १५-२० दिन अघिनै पाक्न थालेको छ ।"

मुस्ताङमा स्याउ जोन कार्यक्रम सञ्चालन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यालयका निमित्त बरिष्ठ कृषि अधिकृत नेत्र भट्टले गत हिउँदमा लामो समयसम्म चिसो नरहेको र तापक्रम छिटो बढेकाले केही जातका स्याउ पाकेका बताउनुभयो । "उच्च घनत्वको गाला र रिडरोट जातको स्याउ स्थानीय जातको भन्दा छिटो पाक्छन्," उहाँले भन्नुभयो "स्थानीय जातको स्याउमा पनि गुलीयोपना नाप्दा विगतको तुलनामा केही समय अघि पाकेको पाइयो ।" उपकरणको सहायताले स्याउको गुलीयोपना नापिन्छ । गुलीयापनाको मात्र १२ प्रतिशत भएपछि स्याउ टिप्न योग्य हुन्छ । दानाभित्रको गेडा कालो भयो भने पनि स्याउ पाकेको मानिन्छ । उच्च घनत्वको गाला प्रजातिका स्याउ भदौ १० गते र रिडरोट जातको स्याउ भदौ १५ गतेदेखिनै टिप्न थालिएको थियो ।

स्थानीय रोयल, रेड, गोल्डेन डेलिसियस र फुजी जातको स्याउ असोज १ गतेदेखि टिपेर बजार पठाउन थालिएको छ । अनुकुल मौसम, बगैचा व्यवस्थापन, रोगको समस्या कम देखिएकाले उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि प्रसार अधिकृत निशान खड्काा मगरले बताउनुभयो । गत वर्षका तुलनामा २५ देखि ३० प्रतिशतले स्याउ उत्पादन बढ्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

मुस्ताङको एक हजार ४७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकोमा ५८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ । ३८ हेक्टर क्षेत्रफल जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती भएको छ । गत वर्ष चार हजार ९७५ मेट्रिक्टन स्याउ उत्पादन भएको र रु. ४९ करोड २५ लाख बराबरको स्याउ बिक्री भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौं लगायतका शहरका ब्यापारी बगैचामा नपुग्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गरेका छन् । मुस्ताङ घुम्न आउने पर्यटकहरुले पनि कोशेलीको रुपमा स्याउ किनेर लैजाने गर्छन् । बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छ ।

# स्याङ्जामा प्रजातान्त्रिक सेनानी संघ गठन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ असोज



प्रजातन्त्र ल्याउन योगदान गरेका पुराना नेताहरुको जिल्ला भेलाले प्रजातान्त्रिक सेनानी संघ गठन गरिएको छ । नेपाली काँग्रेस पार्टीसँग समर्थित प्रजातान्त्रिक सेनानीहरुको भेलाले स्याङ्जामा संघ गठन गरिएको हो ।

भेलाले प्रजातान्त्रिक सेनानी तारापति सुवेदीको अध्यक्षतामा १७ सदस्यीय प्रजातान्त्रिक सेनानी संघ जिल्ला कार्य समिति गठन गरिएको छ । अध्यक्षमा चयन भएका सुवेदी २००७ सालदेखी प्रजातन्त्रका लागि निरन्तर लडेका व्यक्ति हुन् ।

प्रजातन्त्रिक सेनानी संघको उपाध्यक्षमा टीकाराम ढकाल, सचिवमा लक्ष्मण प्रसाद भट्टराई, कोषाध्यक्षमा भक्तबहादुर मल्ल चयन भएको नेपाली काँग्रेस स्याङ्जाका कार्यबहाक सभापति केदार काफ्लेले जानकारी दिए । कार्यबहाक सभापति काफ्लेलेका अनुसार प्रजातान्त्रिक सेनानी संघको सदस्यहरुमा रामकृष्ण अधिकारी, जिवलाल काफ्ले, बोधराज रेग्मी (गोविन्द), दिर्घनारायण अर्याल, अम्बिका देवी पौडेल, रामनाथ शर्मा, मेघबहादुर खड्का, हिरण्य आचार्य, खगराज भट्टराई, गीता भट्टराई, कर्मविर नेपाली, ओमनाथ शर्मा र रामबहादुर आले चयन भएका छन् । प्रजातान्त्रिक सेनानी संघका पदाधिकारी र सदस्यहरुलाई कार्यबहाक सभापतिले खादामाला लगाएर बधाई दिँदै प्रजातन्त्र प्राप्तीका लागि उहाँहरुले गरेको योगदान नेपाली काँग्रेसले कहिल्यै भुल्न नहुने बताए । हिजोका दिनमा व्यवस्था परिवर्तनमा प्रजातान्त्रिक सेनानीको ठुलो भुमिका रहेको बताउदै कार्यबहाक सभापति काफ्लेले उहाँहरुको भुमिकालाई नेपाली काँग्रेसले सधैं सम्मान गर्नुपर्ने धारणा राखे । भेलामा नेपाली काँग्रेसका महासमिति सदस्य भागवतप्रकाश मल्ल, जिल्ला पुतलीबजार नगर सभापति सुरज कुमार अधिकारी, नेपाली काग्रेसका जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु लगायतका नेताहरुको सहभागिता रहेको थियो ।